# अनलाइन अनुसन्धान पद्धतिमा तथ्याङ्क सङ्कलन विधि

**महेन्द्र भण्डारी,** विद्यावारिधि अनुसन्धानरत
*उपप्राध्यापक,* उपप्राध्यापक, नेपाली विभाग, नेसंवि, जनता विद्यापीठ, बिजौरी, दाङ, नेपाल
Email: hammroastro@gmail.com
https://doi.org/10.3126/haimaprabha.v23i1.66733

**सारङ्क्षेप:**

दस्तावेज विश्लेषणमा आधारित यस लेखमा अनलाइन अनुसन्धान पद्धतिमा तथ्याङ्क सङ्कलनमा के कस्ता विधिहरू प्रचलित रहेका छन् भन्ने मूल समस्याको समाधानमा केन्द्रित रहेको छ। लेख तयार पार्न अनुसन्धान अनुसन्धानका विभिन्न क्षेत्र मध्ये मूल समस्यासँग सम्बन्धित पक्षहरू चयनका लागि सोद्देश्यमूलक नमुना छनोट पद्धतिको प्रयोग गरिएको छ । अनलाइन अनुसन्धान पद्धतिमा तथ्याङ्क सङ्कलन विधिको खोजी गर्ने उद्देश्यले तयार पारिएको यस लेखमा पछिल्लो समयमा अनलाइन पद्धतिमा आधारित भएर सामग्री सङ्कलन गर्ने विधि, परम्परा, सामग्री सङ्कलन गर्ने माध्यम तथा साधनहरूको र त्यस प्रक्रिया आदिका सम्बन्धमा विभिन्न तथ्याङ्क वा तथ्यको विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयत्न गरिएको छ। यस लेखमा सन् २०२३ सम्ममा विकसित भएका अनलाइन अनुसन्धान पद्धतिमा प्रयोग भएका विधि मध्ये बढि प्रचलनमा रहेका प्रसिद्ध विधिहरूको चयन गरिएको छ । परम्परागत अनुसन्धान विधि कागज र निश्चित क्षेत्रमा सीमित हुने भएकाले अनलाइन अनुसन्धान विधि प्रचलनमा आएको छ। अनलाइन अनुसन्धान विधिमा सबैभन्दा जटिल सामग्री सङ्कलन विधिको रहेको छ। यस्ता सामग्री सङ्कलनका लागि उपयुक्त हुने साइटमा तथा एपहरूको पनि विवरण प्रस्तुत गरिएको छ। यसबाट गुणात्मक तथा परिमाणात्मक दुवै किसिमको अनुसन्धान गर्न सकिने र त्यसका लागि कम्प्युटर, मोबाइल, आई प्याड जस्ता साधनको माध्यबाट एप, विभिन्न वेब साइट आदिबाट सामग्री सङ्कलन गर्न सकिन्छ भन्ने निष्कर्ष निकालिएको छ।

**शब्दकुञ्जी:** अनलाइन, अनुसन्धान, विश्लेषण, सञ्जाल, सर्वेक्षण

## विषय परिचय

अनलाइन अनुसन्धान शोधका क्षेत्रमा पछिल्लो समयमा देखा परेको पद्धति हो। सन् २००० देखि उत्तरतिरको समयावधिमा अनलाइन वा डिजिटल पद्धतिको प्रयोग हुन थालेको पाइन्छ। पुस्तकालय, क्षेत्रीय र प्रयोगशालीय अनुसन्धानलाई प्रविधिसँगै विस्तारित गर्ने क्रममा अनलाइन अनुसन्धान पद्धतिको प्रयोग हुन

थालेको हो । यो पद्धति परम्परागत सामग्री सङ्कलन विधिको विस्तारित विधि हो । अनलाइन अनुसन्धान पद्धतिका माध्यमबाट समाजशास्त्र, विज्ञान-प्रविधि, वाणिज्य शास्त्र, कानुन, अर्थशास्त्र आदि जस्ता क्षेत्रमा पनि अनुसन्धान गर्न सकिन्छ । त्यसैले पनि विभिन्न क्षेत्रमा अनलाइन अनुसन्धान पद्धतिको प्रयोग गर्ने परम्परा चलेको छ । विभिन्न क्षेत्रमा प्रयोग रहेको अनलाइन माध्यमबाट तथ्याङ्क सङ्कलन, तथ्य विश्लेषण आदिका लागि प्रयोग गर्न सकिन्छ । हाल विश्वका अधिकांश अनुसन्धान संस्थाहरूले अनलाइन अनुसन्धानको प्रयोग गरेका छन् । प्रस्तुत अध्ययनमा अनलाइन अनुसन्धानमा प्रचलित अनुसन्धान विधि अन्तर्गतको सामग्री सङ्कलन विधि मात्र चर्चा गरिएको छ साथै यसका लागि अनलाइन अनुसन्धानमा सामग्री सङ्कलनका के कस्ता विधिहरू प्रचलित रहेका छन् भन्ने मुख्य समस्याको समाधान गर्ने प्रयत्न गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख दस्तावेज विश्लेषणमा आधारित ढाँचाको अध्ययन हो । यसमा कृति तथा व्यवहारबाट प्राप्त तथ्यको विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ । प्रस्तुत अध्ययनमा मूल समस्यासँग सम्बन्धित तथ्यसँग सम्बन्धित पक्षहरूको सोद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा शोध तथा अनुसन्धानका क्षेत्रमा देखिएको अनलाइन अनुसन्धानसँग सम्बन्धित तथ्यहरूको सङ्कलन गरिएको छ । यसक्रममा अनलाइन अनुसन्धानसँग सम्बन्धित विभिन्न साइट लेख तथा पुस्तक जर्नल आदिको उपयोग गरिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितीयक दुवै स्रोतको सामग्रीको विश्लेषण गरिएको छ । त्यसैले यसमा प्रकाशित दस्तावेज र विद्युतीय माध्यबाट प्राप्त भएका सामग्रीहरूको समीक्षात्मक विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा तथ्यको पुष्टिका लागि वर्णनात्मक विधिको प्रयोग गरिएको छ र त्यसका आधारमा निष्कर्षमा पुग्ने काम गरिएको छ । यसमा अवलोकन, उदाहरण र प्रयोगको समेत विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यस लेखमा समग्रमा आगमन विधिको प्रयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत लेखमा अनुसन्धानका क्षेत्रमा प्रयोग हुँदै आएको अनलाइन अनुसन्धान पद्धतिमा तथ्याङ्क सङ्कलनको समीक्षात्मक विश्लेषण गरिएको छ । यसमा विशेष गरेर सूचना प्रविधिको उदयपछि अर्थात् सन् २००० पछि अनुसन्धानका क्षेत्रमा भित्रिएका अनलाइन अनुसन्धानका सामग्री सङ्कलनका विभिन्न पक्षलाई मुख्य आधार मानिएको छ ।

अनलाइन अनुसन्धान पद्धतिमा तथ्याङ्क सङ्कलन शोधकर्ताले इन्टरनेट प्रविधिमार्फत शोध सामग्री सङ्कलन गर्न तरिका हो । यसलाई इन्टरनेट अनुसन्धान, इन्टरनेट विज्ञान वा आइ साइन्स (I Science) वा वेब-आधारित विधि पनि भनिन्छ । यी विधिहरू अनलाइन अनुसन्धान प्रविधिहरूसँग सम्बन्धित छन् । (Hewson, January 2015) अनलाइन अनुसन्धान पद्धतिमा तथ्याङ्क सङ्कलनले

अनलाइन स्रोत र उपकरणहरू प्रयोग गरेर अनुसन्धान सञ्चालन गर्ने प्रक्रियालाई बुझाउँछ । यसमा वेबसाइट, डाटाबेस, अनलाइन सर्वेक्षण, सामाजिक मिडिया प्लेटफर्म जस्ता अनलाइन स्रोतहरूबाट तथ्य वा तथ्याङ्क सङ्कलन गर्ने, विश्लेषण गर्ने र व्याख्या गर्ने पक्षहरू रहेका हुन्छन् । (Wang, jun 2013) अनलाइन अनुसन्धानमा इन्टरनेटबाटै सर्वेक्षण, प्रश्नावली, फोकस समूह र अनलाइन अन्तर्वार्ताहरू सञ्चालन गर्न सकिन्छ । (online research: surveys & polls) अनलाइन अनुसन्धान विधिले शोधसँग सम्बन्धित सामग्रीहरूको सूचना वा जानकारी दिने गर्दछ र अनुसन्धानलाई सजिलो बनाउँछ । (online research methods) यसमा नवीनतम प्रविधिमा रहेका सफ्टवेयर, एप तथा वेभ साइटहरूलाई माध्यम सहयोगी सामग्रीका रूपमा प्रयोग गरिन्छ । यसलाई न्यू मिडिया अनुसन्धान विधि पनि भनिन्छ । यो प्रभावकारी अनुसन्धेय सामग्रीका रूपमा विकसित भएको छ । पछिल्ला समयमा अनुसन्धानका क्षेत्रमा सामग्री सङ्कलन, छनोट, शोध डिजाइन, प्रतिवेदन प्रस्तुति प्रकाशन आदिका क्षेत्रमा पनि न्यू मिडियाको प्रयोग भएको छ । (Hewson, January 2015)

अनलाइन अनुसन्धानकर्ताहरूले मुख्य रूपमा इन्टरनेट प्रयोगकर्ताबाट उनीहरूको धारणा तथा अवधारणा पत्ता लगाउन अन्तर्वार्ता वा सर्वेक्षण गर्ने काम गर्छन् । (webb, November 2017) त्यसैले अनलाइन अनुसन्धानबाट परिमाणात्मक र गुणात्मक दुवै प्रकारको अनुसन्धान गर्न सकिन्छ ।

अनलाइन अनुसन्धान विधिले अनलाइन स्रोतहरूबाट तथ्य वा तथ्याङ्क र जानकारी सङ्कलन गर्न प्रयोग गरिने प्रविधि र रणनीतिलाई पनि जनाउँछ । यी विधिहरू सामान्यतया सामाजिक विज्ञान, बजार अनुसन्धान, र शैक्षिक अध्ययनहरू जस्ता विभिन्न क्षेत्रहरूको प्रयोग गरिन्छ । यसमा अनलाइन सर्वेक्षणहरू, वेब स्क्र्यापिङ, अनलाइन अन्तर्वार्ता, अनलाइन फोकस समूह, अनलाइन सामग्री विश्लेषण र अनलाइन प्रयोग जस्ता प्रक्रिया अपनाइन्छ । (HOCEVAR and FLANAGIN, 2017) हालैका वर्षहरूमा अनुसन्धानलाई मद्दत गर्न इन्टरनेटको प्रयोग गर्ने काम लोकप्रिय भएको छ । इन्टरनेटबाट सर्वेक्षण तथा तथ्य सङ्कलन गर्न सजिलो हुने भएकाले अनुसन्धानको क्षेत्रमा यसले क्रान्ति ल्याएको छ । यसमा परम्परित वा कागजी अनुसन्धानमा जस्तो त्रुटि वा कमजोरीहरू कमै हुने भएकाले ई-अनुसन्धान प्रभावकारी भएको हो । (Benfield and Szlemko, 2006) हाल अनलाइन अनुसन्धान वा ई अनुसन्धानका विषयमा विभिन्न विद्वानहरूले उल्लेख गरेको भए पनि अनलाइन अनुसन्धानको प्रयोग गर्ने र सुव्यवस्थित किसिमले अनलाइन अनुसन्धान गर्न विषयलाई नै सैद्धान्तिक पर्याधारका रूपमा लिई प्रस्तुत लेख तयार पारिएको छ ।

## व्याख्या तथा विश्लेषण

प्रस्तुत लेखमा अनलाइन अनुसन्धानको पृष्ठभूमि, अनलाइन अनुसन्धानमा तथ्य तथ्याङ्क सङ्कलनका विधिहरू, अनलाइन अनुसन्धानका प्रकार, अनलाइन नमुना छनोट, अनलाइन सर्वेक्षण विधि र

अनलाइन सर्वेक्षणका साइट तथा एप्सहरू जस्ता उपशीर्षकका रहेर तथ्यहरूको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

**अनलाइन अनुसन्धानको पृष्ठभूमि**

अनलाइन अनुसन्धान परम्पराको लामो इतिहास भइसेको छ । विशेष गरी कम्प्युटर जस्ता विद्युतीय साधनद्वारा अनुसन्धान गरिने भएकाले यस अनुसन्धानको विकास पनि कम्प्युटरको विकाससँगै भएको पाइन्छ । कम्प्युटर-सहायता प्राप्त तथ्याङ्कीय उपकरणहरूको प्रयोगमा सञ्चालन गरिएको पहिलो सर्वेक्षण संयुक्त राज्य अमेरिकामा सन् १८९० मा गरिएको जनगणना थियो । यो ११ औँ अमेरिकी जनगणना थियो । त्यसपछि सन् १९७०मा जनगणना भएको थियो। (Kothari, 2004, 315) त्यसबेला सामूहिक सर्वेक्षण पद्धतिको प्रयोग गरिएको थियो । यो विधि हर्मन होलेरिथले तयार पारेका थिए। (Callegaro, Baker, & other, 2014) यसमा डेटा पन्च कार्ड प्रयोग गरी प्रविष्ट गर्ने मेसिनद्वारा गणना गरिएको थियो ।

समय र प्रविधिको विकाससँगै सन् १९११ होलेरिथले अनुसन्धान सर्वेक्षण गणना पद्धतिको विकास गरे । पछि यसै पद्धतिमा आधारित भएर कम्प्युटिङ-टेब्युलेटिंग-रेकर्डिङ कम्पनी (CTR) स्थापना भयो । (Kothari, 2004, 316) त्यसपछि सन् १९२४ मा (CTR) ले अन्तर्राष्ट्रिय व्यापार मेसिन (IBM) मा तयार गऱ्यो । (Callegaro, Baker, & other, 2014) यो मेसिन नै खोज तथा अनुसन्धानका लागि प्रयोग गरिएको मेसिन थियो ।

सन् १९३७ मा ठूलाठूला व्यापारिक सर्वेक्षण कार्य गर्न AMA (अमेरिकन मार्केटिङ एसोसिएसन) को स्थापना भयो । यसले सर्वेक्षण तथा सामूहिक अनुसन्धान गर्ने र त्यसलाई गणक मेसिनको सहयोग लिने कार्य गऱ्यो । पछि यसैमा आधारित भएर सन् १९४७ मा ESOMAR (द युरोपियन सोसाइटी फर ओपिनियन एण्ड मार्केट रिसर्च) को स्थापना भयो। (A Brief History of the Internet, 2023) यसपछि अमेरिका तथा युरोपेली मुलुकमा अनुसन्धानको सामग्री सङ्कलन र विश्लेषणमा मेसिनको सहयोग लिन थालियो सँगै ठुला अनुसन्धान एजेन्सीहरू स्थापना हुन थाले। (Callegaro, Baker, & other, 2014)

सन् १९५० को दशकतिर कम्प्युटर नेटवर्क प्रणालीको आविष्कार भयो । यसले कम्प्युटरमा आधारित अनुसन्धानलाई ठुलो सहयोग गऱ्यो । सन् १९५८ मा स्थापना भएको सेन्टर फर पब्लिक ओपिनियन रिसर्च (ओबीओपी) पोल्यान्डमा सञ्चालित पहिलो अनुसन्धान एजेन्सी थियो । यसले अनुसन्धानका लागि वैकल्पिक उपएको खोजी गर्ने काम गर्थ्यो । यसै अनुसन्धान संस्थाको सहयोगमा सन् १९८२ मा सार्वजनिक राय अनुसन्धान केन्द्र (CBOS) स्थापना भएको थियो । सन् १९८२ मा टिसिपि-आईपि (TCP-IP) मापदण्ड तोकिए लगत्तै इन्टरनेट (अन्तरजाल)को स्थापना भयो । यसको सञ्जाल सुरुमा युसिलए, युसियसबि, स्ट्यान्फोर्ड् रिसर्च इन्स्टिच्युट र युताह विश्वविद्यालय केवल चारवटा विश्वविद्यालयमा सीमित थियो । पछि शीतयुद्ध कालिन परिस्थितिमा कुनै पनि स्थानमा भरपर्दो किसिमले सूचना आदान प्रदान गर्नको लागि इन्टरनेटको प्रयोग हुन थाल्यो । सन् १९९४ मा पोलिश सोसाइटी अफ मार्केट एन्ड ओपिनियन

रिसर्चर्स (PTBRIO) स्थापना भएको थियो।(A Brief History of the Internet, 2023) । यी दुवै संस्थाले सर्वेक्षण, सामग्री व्यवस्थापनमा कम्प्युटर सहयोगी हुन सक्छ कि भन्ने विषयमा खोज गऱ्यो ।

१९९५ मा डट-कम बूम सुरु भयो (A Brief History of the Internet, 2023) । यसपछि इन्टरनेट र इन्टरनेट अनुसन्धानले व्यावसायिक रूप लियो । सन् १९९९मा संयुक्त राज्य अमेरिकामा रायन र क्रिस फिनले सर्भे मङ्की (Survey Monkey) स्थापना गरे । त्यसपछि सन् २००२ मा संयुक्त राज्य अमेरिकामा क्वाल्टरिज (Qualtrics) पनि स्थापित भएको थियो । (Callegaro, Baker, & other, 2014) पोल्यान्डमा सन् २००५ पछि अनलाइन सर्वेक्षणहरू विकास हुन थाल्यो । सन् २००९ मा सर्भे ल्याभ (Survey Lab) को स्थापना भयो । त्यसपछि अरू ठुला र साना धैरै अनलाइन अनुसन्धान कम्पनीको स्थापना भयो । सन् 2017 मा सर्भे ल्याभ (Survey Lab) ले अफलाइन डाटा सङ्कलन गर्न मोबाइल एप (Android र iOS को लागि) निर्माण गऱ्यो । (Khan, 2017)

हाल अनलाइन अनुसन्धानको क्षेत्र द्रुतगतिमा विकास भइरहेको छ । यसले परम्परित अनुसन्धानमा सहयोगीको काम गर्दै अनुसन्धानलाई अझ प्रभावकारी बनाएको छ । यसले कागजी अनुसन्धानलाई विस्थापित गरेको छ । यसका लागि एप तथा वेबसाइटहरू निर्माण भएका छन् । अनुसन्धानका लागि अनलाइन सर्वेक्षणहरूको चयन मूल्य, उपलब्धता र प्रयोगको सहज हुँदै गएको छ । यसैले गर्दा पनि हालका अनुसन्धान संस्थान एमएलए (MLA), एपिए (APA) जस्ता संस्थाहरूले पनि अनलाइन अनुसन्धान तथा वेब अनुसन्धानलाई प्राथमिकता दिँदै त्यसबाट लिइएका सामग्रीको व्यवस्थापनको पनि नीति तथा पद्धति बनाएका छन् ।

**अनलाइन अनुसन्धानमा तथ्य तथ्याङ्क सङ्कलनका विधिहरू**

अनलाइन अनुसन्धान एउटाका प्रविधिका माध्यमबाट गरिने अनुसन्धान भएकाले यसको तथ्य सङ्कलन पनि प्रविधिद्वारा नै हुन्छ । यसका लागि विषय क्षेत्र अनुसारका अनलाइन विधि तथा पद्धतिको प्रयोग गरिन्छ । यसमा अनलाइन सर्वेक्षण प्रश्नावली फारमहरू जस्ता उपकरणको प्रयोग गरिन्छ । यस पद्धतिबाट सङ्कलन गरेका सामग्रीहरू न्यून लगानीमा सङ्कलन गरिएका हुन्छन् । (question pro) अनलाइन अनुसन्धानमा तथ्य तथ्याङ्क सङ्कलनका विभिन्न विधिहरू प्रचलनमा रहेका छन् । यस्ता यस्ता पद्धतिहरू अनुसन्धानका विभिन्न फरक फरक पर्ने हुने गरेका छन् अनुसन्धानकर्ताले आवश्यकताअनुसार अनुसन्धान प्रविधि प्रयोग गरेर उत्तरदाताबाट तथ्य वा तथ्याङ्क सङ्कलन गर्न सक्दछ । आधिकारिक इन्टरनेट अनुसन्धान वा वेब अनुसन्धानमा आधारित हुन्छन् । त्यसैले यस सूचक वा उत्तरदाता पनि इन्टरनेटका माध्यमबाट चयन गरिने गरिन्छ । ती विधि मध्ये अनलाइन फोकस समूह, बी टु बी (B2 B) अनुसन्धान, फोकस ग्रुप (focus group) अनुसन्धान, अनलाइन वार्ता, अनलाइन गुणात्मक अनुसन्धान तथा अनलाइन पाठ विश्लेषण जस्ता पद्धतिहरू अधिक प्रयोगमा रहेका छन् । (question pro) यी पद्धतिहरूलाई अनुसन्धानका नवीनतम प्रविधि पनि भनेर चिनिन्छ ।

**क) अनलाइन फोकस समूह (**online focus group**)**

अनलाइन फोकस समूह अनलाइन अनुसन्धान प्रविधि अन्तर्गतको एक उपसमूह हो । फोकस समूहहरू सामान्य तथा व्यापारिक अनुसन्धानका लागि बढी प्रयोग गरिन्छ (question pro) । अनलाइन फोकस समूह सफ्टवेयरको मद्दतले इन्टरनेटमार्फत सञ्चालन गरिएको स्रोत सामग्री हो । यो नयाँ अनलाइन अनुसन्धान विधिहरू मध्ये एक हो । यो मुख्य रूपमा व्यापार अनुसन्धान, उपभोक्ता अनुसन्धान र अनलाइन गुणात्मक अनुसन्धान आवश्यक पर्ने अन्य अनुसन्धानहरू सञ्चालन गर्न प्रयोग गरिन्छ । अनलाइन फोकस समूह व्यापारिक ब्रान्डहरू, सङ्गठनहरू, र अनुसन्धानकर्ताहरूद्वारा प्रयोग गरिन्छ । यसका लागि अनलाइन उपकरणको प्रयोग गरिन्छ ।

**ख) बी टु बी अनुसन्धान (B2 B Research)**

बी टु बी अनुसन्धान (B2 B Research) अनलाइन अनुसन्धानको एक विधि हो । यसमा विशेष गरी व्यापार व्यवसायसँग सम्बन्धित व्यक्ति वा संस्थालाई सूचकका रूपमा लिएको हुन्छ । यसमा व्यवसायको आकार प्रकारको भूमिका उपभोगका बारेमा तथा त्यसको प्रभाव, सफलता, वस्तुको बजारीकरण आदिको सर्वेक्षण र अध्ययन गर्न सकिन्छ । यसले व्यापारिक तथा औद्योगिक वस्तुको उत्पादन, उपभोक्ताको सन्तुष्टि, प्रतिक्रिया, प्रभाव आदिको अध्ययन गर्न सहज गराउँछ । यस पद्धतिद्वारा राजनीतिक प्रभाव आदिको पनि अनुसन्धान गर्न सकिन्छ । एक माध्यम मध्यस्थकर्तालाई फोकस समूह सञ्चालन र सुपरिवेक्षण गर्न तोकिएको हुन्छ । यसले पूर्व चयनित र योग्य सूचकलाई बढि महत्त्व दिन्छ । यसमा सूचकको चासोको विषय क्षेत्र यकिन गरेपछि त्यसबाट गुणात्मक परिमाणात्मक तथा तथ्याङ्कको सङ्कलन गरिन्छ । यसमा उत्तरदातालाई सामान्यतया एक घण्टाको समय दिएको हुन्छ त्यसैबाट सूचना सङ्कलन गरिन्छ । यसमा ग्राहकको मनोविज्ञान, वस्तुप्रतिको उत्प्रेरणा, खरिद व्यवहार, मनोविज्ञान, खरिद प्रोफाइल आदिको अध्ययन गरिन्छ । विशेष गरी यो अनुसन्धान उपभोक्ता अनुसन्धानमा केन्द्रित रहेको हुन्छ । यस विधिले उपयुक्त सूचनाका लागि उपयुक्त सूचक र उचित विश्लेषणात्मक विधि आवश्यक हुन्छ भन्ने मान्दछ ।

**ग) फोकस ग्रुप अनुसन्धान (focus group Research)**

अनलाइन अनुसन्धान अन्तर्गतको अर्को महत्त्वपूर्ण प्रविधि फोकस ग्रुप अनुसन्धान (focus group research) हो । यो अनलाइन फोकस समूहभन्दा केही भिन्न विधि हो । यो अनुसन्धान सन् १९९१ देखि वाणिज्य शास्त्र र मनोविज्ञानका क्षेत्रमा देखा परेको अनुसन्धान पद्धति हो । विज्ञान प्रविधिको विकास भएपछि सन् २००० पछि प्रयोग हुन थालेको हो । यसमा अनलाइन माध्यमबाट ससाना समूह निर्माण गरी त्यसमा

छलफल अन्तरक्रिया गरी सीमित जनसङ्ख्यालाई विभिन्न नमुनामा विभाजन गरी त्यसबाट सङ्कलित नमुनाको सामान्यीकरण गरी अध्ययन गरिन्छ । यस पद्धतिमा अनुसन्धानकर्ता सामग्री सङ्कलित वा सामग्री सङ्कलन ग्राहकका र मध्यस्थ कर्ताका रूपमा रहेको हुन्छ ।

**घ) अनलाइन वार्ता**

अनलाइन माध्यमबाट तथ्यबाट तथ्याङ्क सङ्कलनको अर्को विधि अनलाइन वार्ता पनि हो । यो अनलाइन अनुसन्धान विधि फेस टु फेस इन्टरभ्यु (face to face interview) विधिसँग मिल्दोजुल्दो हुन्छ तर यस पद्धतिमा अन्तर्वार्ता सञ्चालनका अभ्यास, उत्तर दातासँग समन्वय नमुना छनोटका आधारहरू फरक रहेका छन् । अन्तर्वार्ता लिँदा विभिन्न विद्युतीय सञ्चार माध्यमहरू, कम्प्युटर मध्यस्थ सञ्चारमा (cmc), सामाजिक सञ्जाल, एसएमएस वा इमेल आदि सामग्रीको प्रयोग गरिन्छ । अन्तर्वार्ता सङ्कलनका लागि प्रतिक्रियाको समय, माध्यम, आधारमा ती सूचनाको आपसी सम्बन्ध केलाइन्छ । यसले वार्तालाई प्रत्यक्ष आमेन-सामने अन्तर्वार्ता जस्तै बनाउने काम गर्दछ । अन्तर्वार्तामा अनुभव, मनोवृत्ति, अन्तर्दृष्टि र विषयको गहनतालाई महत्त्व दिइन्छ । यस प्रकारको अन्तर्वार्ता भाषा साहित्य, साहित्यको प्रभाव, क्षेत्रीय तथा लैङ्गिक साहित्य, विधा साहित्य, प्राविधिक भाषा, प्रविधि भाषाको यान्त्रीकरण, समाजशास्त्र, वाणिज्य तथा व्यापार, राजनीति, प्रशासनिक विभिन्नता आदिजस्ता विषयको अनुसन्धानका लागि प्रयोग गरिन्छ ।

**ङ) अनलाइन गुणात्मक अनुसन्धान**

अनलाइन गुणात्मक अनुसन्धान अनलाइन तथ्यबाट तथ्याङ्क सङ्कलनको अर्को विधि हो । यसले अनलाइन फोकस समूहबाट वैचारिक वा गुणात्मक सामग्री सङ्कलन गर्ने उद्देश्य राखेको हुन्छ । यसका सामग्री सङ्कलनका साधनहरूमा ब्लगहरू, मोबाइल डायरी वा समुदाय विशेष रहेका हुन्छन् । यसमा सूचना सङ्कलन पूर्व अरूलाई गुणात्मक सामग्री सूचना प्रदान गर्नका लागि पूर्व जानकारी र पूर्व तयारीको सुविधा दिएको हुन्छ । यसमा तथ्याङ्क सङ्कलन गर्दा वस्तु सङ्कलन कर्ताभन्दा वैचारिक अवधारणालाई बढि जोडिएको हुन्छ । उत्तरदाताहरूले इमेल, अनलाइन वेब, एप आदिका माध्यमबाट प्रश्न प्राप्त गर्दछन् र साहीमार्फत उत्तर प्रदान गर्दछन् । यसरी सामग्री सङ्कलन गर्दा डाटा बेस प्यानलहरूको प्रयोग गरिन्छ ।उत्तरलाई स्तरीय बनाउन सामग्री विश्लेषणका क्रममा सूचकहरूलाई आफ्नो सूचना पुनः प्रमाणित अर्को समय दिइन्छ ।

**च) अनलाइन पाठ विश्लेषण (online text analysis)**

पाठ विश्लेषण अनुसन्धान परम्परित शोध विधि हो । परम्परित शोधमा यसलाई विश्लेषणात्मक वा व्याख्यान पद्धति भनेको पाइन्छ । एक्काइसौँ शताब्दीको आरम्भसँगै अनलाइन युगको आरम्भ भएपछि सोसल मिडिया, अनलाइन, वेब पोर्टल आदि प्रविधिको प्रयोग गरेर शोध्य विषयसँग सम्बन्धित सामग्रीको

सङ्कलन गर्ने परम्पराको सुरुवात भयो । यसमा शोध्य प्रश्नको लिखित रूपमा उत्तर सङ्कलन गरिन्छ । यसमा वेबमार्फत सोधिएका प्रश्नको उत्तरमा वाक्य, अर्ध वाक्यात्मक ढाँचाका उत्तरहरू सङ्कलन गरिन्छ । सङ्कलित सूचनाको विश्लेषण गर्नु पूर्व सामग्रीको सही गुणात्मकताका आधारमा वर्गीकरण गरिन्छ र गुणात्मक प्रविधि आधारमा स्तरीकरण गरी सूचनाको विश्लेषण गरी निष्कर्ष निकालिन्छ ।

अनलाइन पाठ विशेषणका लागि लिइने लिखित अन्तर्वार्तालाई गुणात्मक अन्तर्वार्ता पनि भनिन्छ । यस्तो गुणात्मक अन्तरवार्ता कसरी, के कस्तो, के कति र किन भन्ने प्रश्नमा आधारित हुन्छन् ।

अनलाइन पाठ विशेषणका लागि गुणात्मक अनुसन्धानमा संरक्षित अन्तरवार्ता, अर्धसंरक्षित अन्तर्वार्ता र असंरचित अन्तरवार्ता गरी तीन प्रकारका अन्तर्वार्ताको प्रयोग गर्न सकिन्छ । अन्तर्वार्ताको उत्तर चाहिँ लिखित रूपमै हुनुपर्ने मान्यता छ । पाठ विश्लेषण विधि गुणात्मक शोधअन्तर्गत पर्ने भएकाले संरक्षित प्रविधि, सोद्देश्यमूलक नमुना छनोट, निकटस्थ प्रश्न निर्माण, पुनः पठन, गुणात्मक तथ्य र तथ्याङ्कको चयन र खोजी जस्ता पद्धति अनलाइनबाटै सञ्चालन गरिन्छ ।

## छ) सामाजिक सञ्जाल विश्लेषण

सामाजिक सञ्जाल विशेषण पनि अनलाइन अनुसन्धान पद्धति अन्तर्गतको एक महत्त्वपूर्ण उदीयमान अनुसन्धान प्रविधि हो । सामाजिक सञ्जालको प्लेटफार्म मार्फत सामग्री सङ्कलन गर्न यो विधि निकै उपयोगी रहेको मानिन्छ । यसका लागि ग्राफ सिद्धान्तको प्रयोग गरिन्छ । यसबाट सामाजिक सम्बन्ध, प्रविधि र सामाजिक सञ्जालका प्रभाव, प्रविधि मनोविज्ञान, व्यक्तिगत मनोविज्ञान, सांस्कृतिक मनोविज्ञान, सामाजिक र वैयक्तिक सङ्घ सङ्गठन आदिको प्रभावसँग सम्बन्धित सामग्री सङ्कलन गरिन्छ । विशेष गरेर विद्युतीय ग्याजेट यन्त्र, कम्प्युटर, मोबाइल आदिका साइट तथा एपहरूका माध्यमबाट विभिन्न लिङ्कहरूको प्रयोग गरी सामाजिक सञ्जालको विश्लेषण गरिन्छ । यसका लागि सामाजिक सञ्जालका प्रतिक्रिया, भ्युज, लाइक, डिस लाइक, मोसन, ट्याग, ह्यसट्याग, सेयरिङ आदिजस्ता विभिन्न तथ्यबाट तथ्याङ्कको सङ्कलन गरिन्छ र तिनको विश्लेषण गरिन्छ ।

अनलाइन अनुसन्धानमा तथ्य तथ्याङ्क सङ्कलनका लागि शोध्य विषय अनुरूपको माध्यमको प्रयोग गरिन्छ । हाल प्रचलनमा रहेका केही प्रमुख माध्यमहरूमा वेबसाइट, वेब ट्राफिक, प्रयोगका प्रतिक्रिया, विपरीत प्रतिक्रिया, वेब दर्शन, भ्युअर्स कलेक्सन, वेब डायरी, नमुना प्रभाव, टिप्पणी, च्याट आदि रहेका छन् । यी सामाजिक सञ्जाल विश्लेषणमा माध्यमबाट गुणात्मक र परिमाणात्मक दुवै प्रकारका शोध गर्न सकिन्छ ।

## अनलाइन अनुसन्धानका प्रकार

अनलाइन अनुसन्धान पनि अनुसन्धानको विषय क्षेत्र र प्रकृति अनुसार फरक फरक हुने गरेको पाइन्छ । अनलाइन अनुसन्धान विशेष गरेर वाणिज्य क्षेत्रबाट भित्रिएको भए पनि पछिल्लो समयमा प्राज्ञिक अनुसन्धानमा पनि यसको प्रयोग हुने गरेको पाइन्छ । यसअन्तर्गत मुख्य रूपमा अनलाइन परिमाणात्मक अनुसन्धान र प्राकृतिक अनुसन्धान गरी दुई प्रकारका अनुसन्धान गरिन्छ ।

### क) अनलाइन परिमाणात्मक अनुसन्धान

अनलाइन परिमाणात्मक अनुसन्धान अनलाइनबाट सङ्ख्यात्मक रूपमा सामग्रीहरू सङ्कलन गर्ने पद्धति हो । यस अनुसन्धानले सङ्ख्यात्मक तथ्याङ्कमा जोड दिन्छ । यस अन्तर्गत ग्राहक सन्तुष्टि अनुसन्धान, नयाँ उत्पादित सामग्री प्रभाव अनुसन्धान, स्थानीय वस्तु प्रभाव अनुसन्धान, बजारीकरण अनुसन्धान, विवरणात्मक अनुसन्धान, ऐतिहासिक विकास अनुसन्धान आदि अनुसन्धान पर्दछन् । यसमा अनलाइन प्रविधिले गरी विभिन्न सर्वेक्षण पद्धतिबाट सामग्रीहरूको सङ्कलन गरिन्छ । यसका लागि अनलाइन फारम, प्रश्नोत्तर वा डक्स (docs) फारमहरूको प्रयोग गरिन्छ ।

### ख) अनलाइन प्राज्ञिक अनुसन्धान

अनलाइन प्राज्ञिक अनुसन्धान गुणात्मक अनुसन्धान हो । यसमा अनलाइनका माध्यमबाट तथ्य वा तथ्याङ्क सङ्कलन र प्राविधिक ढाँचाबाट तथ्य विश्लेषण गरिन्छ । खासमा अनलाइन प्राज्ञिक अनुसन्धानमा भाषा वैज्ञानिक, अनुसन्धान भाषिक विश्लेषण, अडियन्स विश्लेषण, जातीय प्रवृत्तिगत अनुसन्धान, सांस्कृतिक प्रभाव अध्ययन, आनुवंशिक अनुसन्धान, अनलाइन साहित्यिक अनुसन्धान, मनोवृत्तिगत अनुसन्धान, ऐतिहासिक अनुसन्धान, विज्ञान प्रविधि अनुसन्धान, दस्तावेज अनुसन्धान आदि जस्ता अनुसन्धान गर्न सकिन्छ ।

### अनलाइन नमुना छनोट

नमुना छनोट विधि सामग्री सङ्कलन गर्ने एक उपयुक्त विधि हो । अनलाइनबाट कुनै पनि एकाइ संयोजनका आधारमा नमुना छनोटमा पर्न सक्ने सम्भावना नमुना छनोट हो । अनलाइनबाट सरल सादृश्य अनलाइन छनोट, समूहगत अनलाइन नमुना छनोट र स्तरीय अनलाइन नमुना छनोट गरी तीन प्रकारका प्रक्रिया अपनाउन सकिन्छ ।

### क) सरल यादृच्छिक अनलाइन छनोट

अनलाइन अनुसन्धानमा लक्षित अनुसन्धान प्रयोगकर्ता वा सूचकलाई जनसङ्ख्याको समग्र एकाइमा मानी त्यसबाट नमुना छनोट गरिन्छ । यस प्रकारको नमुना छनोटमा शोध्य विशेषसँग सम्बन्धित एप, वेब र पोर्टलहरूलाई समेटिन्छ ।

**ख) समूहगत अनलाइन नमुना छनोट**

अनलाइनमा समूहगत नमुना छनोट गर्दा अनलाइन प्रयोगकर्ताले प्रयोग गर्ने एप, वेब, पोर्टल, अनलाइन प्रयोगकर्ताको उमेर प्रयोगकर्ताको उत्पत्ति स्थल, देश, प्रयोगकर्ताले दिने प्रतिक्रिया, प्रयोगकर्ताले गर्ने कमेन्ट, सेयरिङ, अनलाइन ग्रुप, युजर ग्रुप आदिलाई समूह मानिन्छ र त्यसबाट तथ्य सङ्कलन गरिन्छ ।

**ग) स्तरीकृत अनलाइन नमुना छनोट**

अनलाइन प्रयोगकर्तामध्ये शोध्य विशेषसँग सम्बन्धित सबैजसो एकाइको प्रतिनिधित्व हुने गरी नमुना छनोट गरिन्छ । यसमा प्रयोगकर्ताले प्रयोग गर्ने एप, वेब, पोर्टल, प्रयोगकर्ताले गर्ने कमेन्ट, सेयरिङ, अनलाइन ग्रुप, युजर ग्रुप आदिबाट समानुपातिक प्रतिनिधित्व हुने गरी नमुना छनोट गरिन्छ ।

**घ) सम्भावनारहित अनलाइन नमुना छनोट**

अनुसन्धान कर्ताले शोध्य विषयसँग सम्बन्धित विषयमाथि आएका तर्क, प्रतिक्रिया आदिलाई आफ्नो बुद्धि, विवेक, ज्ञान, तर्क आदिका आधारमा नमुना छनोट गर्ने कार्य सम्भावनारहित अनलाइन नमुना छनोट हो । अनलाइन सम्भावनारहित नमुना छनोटमा पनि तात्कालिक अनलाइन प्रतिक्रिया र पूर्वकालिक अनलाइन प्रतिक्रिया गरी दुई प्रकारबाट सामग्री सङ्कलन गर्न सकिन्छ ।

**अनलाइन सर्वेक्षण विधि**

अनलाइन सर्वेक्षण इन्टरनेटको उपयोग गर्ने व्यक्ति वा समूहबाट तथ्य वा तथ्याङ्क सङ्कलन गर्ने विधि हो । शोधकर्ता, सङ्गठन र व्यावसायिक उत्पादक आदिलाई आफ्नो विषयप्रति तत्काल आएका प्रतिक्रिया सङ्कलन गर्न अनलाइन सर्वेक्षण प्रभावकारी मानिन्छ । अनलाइन सर्वेक्षण विभिन्न सर्वेक्षण सफ्टवेयर तथा एप्लिकेसनको माध्यमबाट गरिन्छ । यसका लागि कम्प्युटर, स्मार्ट फोन, ट्याब्लेट, मोबाइल फोन जस्ता विद्युतीय उपकरण प्रयोग गरिन्छ ।

अनलाइन सर्वेक्षण शोधको उद्देश्यअनुरूप फरक फरक प्रकारका रहेका छन् । त्यसमध्ये केही प्रचलित अनलाइन सर्वेक्षणका प्रकारहरू यस प्रकार रहेका छन् :

**क) नेट प्रमोटर सर्वेक्षण (net promoter survey (NPS)**

यस प्रकारको सर्वेक्षण वस्तुको उत्पादन वा संस्थाको सेवा, भाषा साहित्यबाट पाठकले प्राप्त गरेको सन्तुष्टि आदि पत्ता लगाउनका लागि प्रयोग गरिन्छ । यसैगरी सेवा सुविधा र प्रविधिको पहुँच पुगेको र नपुगेको अवस्था, उत्पादित वस्तुको गुणस्तर, ब्रान्ड र साहित्यिक कृतिको स्तरीयता वा गुणस्तरीयताको विषयमा केन्द्रित भएर यस प्रकारको सर्वेक्षण प्रयोग गरिन्छ ।

**ख) ग्राहक सन्तुष्टि सर्वेक्षण (customer satisfaction survey (CSAT)**

ग्राहक सन्तुष्टि सर्वेक्षण ग्राहक पाठकहरूको सन्तुष्टिको मापनमा केन्द्रित सर्वेक्षण प्रणाली हो । यो सर्वेक्षण साहित्यिक कृतिको प्रभाव तथा उत्पादित वस्तुको प्रभाव जस्ता विषयमा केन्द्रित हुन्छ ।

**ग) कार्यक्रम पश्चातको सर्वेक्षण (post event surveys)**

कुनै पनि कार्यक्रमको आयोजना गरेपछि कार्यक्रमको प्रभावकारिता असफलता आदिको मापन गर्नका लागि यस प्रकारको सर्वेक्षणको गरिन्छ । अनलाइन कार्यक्रम वा अफलाइन कार्यक्रम गरेपछि अनलाइन सर्वेक्षणबाट तत्काल वा  लामो समयपछि यस प्रकारको सर्वेक्षण गरिन्छ ।

**घ) कर्मचारी सन्तुष्टि सर्वेक्षण (Employee satisfaction survey)**

कुनै पनि कम्पनी सङ्घसंस्थाले आफ्ना कर्मचारीमा भएको सन्तुष्टिको सर्वेक्षणका लागि कर्मचारी सन्तुष्टि सर्वेक्षण गर्दछन् । यसका लागि कर्मचारी सन्तुष्टि फारम भरेर अनलाइनबाट सन्तुष्टि सर्वेक्षण गरिन्छ ।

**ङ) प्राज्ञिक अनुसन्धान सर्वेक्षण (academic research survey)**

शैक्षणिक संस्था वा प्राज्ञिक संस्थाहरूले निश्चित तह पार गर्न वा उपाधि प्राप्त गर्नका लागि गर्ने वा गराउने शोध्य विषयसँग सम्बन्धित सर्वेक्षण प्राज्ञिक अनुसन्धान सर्वेक्षण हो । गुणात्मक प्रकृतिको विषयमा यस्तो सर्वेक्षणको प्रयोग गर्न सकिन्छ । मुख्य सर्वेक्षण (main survey), पूर्व सर्वेक्षण (pilot survey) , नियमित सर्वेक्षण (regular survey), मात्रात्मक सर्वेक्षण (quantitively survey), गुणात्मक सर्वेक्षण (Qualitative survey), प्रत्यक्ष सर्वेक्षण (direct survey), अप्रत्यक्ष सर्वेक्षण (indirect survey), हुलाकी सर्वेक्षण (postal survey) गरी विभिन्न प्रकारका प्राज्ञिक सर्वेक्षणहरू रहेका छन् ।

अनलाइनबाट मुख्य उद्देश्य पूरा गर्नका लागि गरिने बृहत् आयाम मुख्य सर्वेक्षणको हो । यसका लागि प्रश्नावली, रुजु सूची, जाँच सूची तयार पारिन्छ । मुख्य सर्वेक्षण अघि पूर्वसर्वेक्षण गरिन्छ । मुख्य सर्वेक्षणलाई सहज बनाई शोध कार्यलाई गुणस्तरीय बनाउन मुख्य सर्वेक्षण गरिन्छ । मुख्य सर्वेक्षणको तयारीका लागि पूर्व सर्वेक्षण आवश्यक हुन्छ । यसले मुख्य सर्वेक्षण कर्तालाई सजिलो तुल्याउँछ । कुनै प्रायोगिक वा आधिकारिक संस्थाले कार्य तालिका बनाएर गर्ने नियमित किसिमको सर्वेक्षण नियमित सर्वेक्षण हो । प्राज्ञिक संस्थाले आफ्नो नीति, प्रभाव आदिको अध्ययन गर्न निश्चित वर्गमा सर्वेक्षण गराउने गर्दछ । वस्तुको वितरण र सेवा विस्तार वा विस्तारमा केन्द्रित विषयमा मात्रात्मक सर्वेक्षण गर्दछन् । मात्रात्मक सर्वेक्षण जनमत, प्रतिक्रिया, वस्तुको उपयोगिता आदिमा केन्द्रित हुन्छ ।

## च) अनलाइन सर्वेक्षण प्रतिक्रिया

अनलाइन सर्वेक्षण प्राकृतिक जिज्ञासालाई प्रविधिका सहायताबाट सरल तरिकाले समाधान गर्ने साधन हो । सामान्यतया सर्वेक्षण परम्परित र अनलाइन सर्वेक्षण गरी दुई प्रकारका हुन्छन् । परम्परित सर्वेक्षणमा शोधकर्ता वा संस्थाले विभिन्न प्रश्न पत्र, अन्तर्वार्ता, रुजु सूची बनाएर प्रत्यक्ष भेटघाट गरी सामग्री सङ्कलन गर्ने गर्दछ भने अनलाइन सर्वेक्षणमा शोधकर्ताले शोध्य विषयमा केन्द्रित भएर बनाएका प्रश्न, फारम, तालिका, सूची आदिलाई इमेल, वेबसाइट एप्लसकेसन आदिका माध्यमले सूचकसम्म पुऱ्याई प्रविधिका सहायतामार्फत उत्तरहरू सङ्कलन गरिन्छ । अनलाइन सर्वेक्षण कार्यका लागि विभिन्न चरणहरू अपनाइने गरिन्छ । अनलाइन सर्वेक्षण एउटा प्राविधिक खोजी कार्य भएकाले यसका लागि विभिन्न प्रक्रिया अपनाइन्छ प्रमुख प्रक्रियाहरू यस प्रकार रहेका छन् ।

(१) सर्वेक्षणको प्रस्ताव निर्माण (survey purpose)
(२) सर्वेक्षण निर्धारण (determine the survey medium)
(३) जनसङ्ख्या र क्षेत्र चयन (disarmament the space and people)
(४) सर्वेक्षण प्रश्न निर्माण (survey question)
(५) सर्वेक्षण प्रश्न संशोधन (editing survey question)
(६) भाषा निर्धारण (language selection)
(७) प्रश्नको द्विविधा त्याग (Avoid complex question)
(८) सर्वेक्षण फारम निर्माण (making the internet survey farm)
(९) निमित्त मूल्याङ्कन स्केलको प्रयोग (use consistent rating scale question)
(१०) भ्रामक तथा द्विविधात्मक सामग्रीको निस्तेज (Avoid Biased or misleading)
(११) नमुना सर्वेक्षण र प्रयोग (using survey sample survey)
(१२) द्विविधा संशोधन (Ambiguous amendment)

(१३) सर्वेक्षण प्रश्न वितरण (survey questions distribution)
(१४) सर्वेक्षण संशोधन र प्रोत्साहन प्रस्ताव (survey reminds and offer incentives)
(१५) अनलाइनबाट सर्वेक्षणको सङ्कलन अनलाइन (survey collection)
(१६) कृतज्ञता ज्ञापन (acknowledgement)
(१७) सर्वेक्षण तथ्याङ्क तथा वर्गीकरण (selection and classifications of survey data)
(१८) तथ्याङ्क सुरक्षण (data security)
(१९) तथ्याङ्क प्रशोधन (Data Processing)
(२०) तथ्याङ्क विश्लेषण (data analysis)

अनलाइन सर्वेक्षणद्वारा प्राप्त तथ्याङ्क आधिकारिक र प्रामाणिक बनाउन तथा अनलाइन पद्धतिमा कुनै पनि चुनौती आउन नदिन विशेष सावधानी अपनाउनुपर्ने देखिन्छ।

**अनलाइन सर्वेक्षणका साइट तथा एप्सहरू**

अनलाइन सर्वेक्षणका लागि हाल विभिन्न साइटमा तथा एपहरू प्रयोगमा रहेका छन्। यस्ता साइट तथा एपहरू कतिपय निःशुल्क रूपमा प्राप्त गर्न सकिने किसिमका छन् भने कतिपय शुल्क तिरेर सेवा लिन मिल्ने रहेका छन्। यस्ता केही साइड तथा एपहरूको विवरण यस प्रकार रहेकी छ :

| | | |
|---|---|---|
| Alchemer | LifePoints | Surveyeah app |
| Apperwall | Microsoft Forms | SurveyLegend |
| AttaPoll App | Mindswarms | SurveyMonkey |
| Branded Surveys | MobileXpression | Surveys On The Go |
| BzzAgent | Mobrog | SurveySparrow |
| CashKarma app | MyPoints | Surveytime |
| Cointiply | National Consumer Panel | Swagbucks |
| Crowdology | Nielsen Mobile Panel | Timebucks Surveys app |
| Ember Fund | Opinion Bureau | Toluna |
| FeaturePoints | Opinion Outpost | Triaba app |
| Fillout | OpinionPioneer | Typeform |
| Freecash | Panel App | Univox Community |
| GetFeedback | Pawns | Swagbucks |
| Gift Hunter Club | Pinecone Research | Valued Opinions |
| Google Forms | Prime Opinion | Viewfruit |
| Google Opinion Rewards | Prize Rebel | YouGov |
| Grab Points | Qmee | YouGov |
| Harris Poll | Qualaroo | ySense |

| | | |
|---|---|---|
| Hi Dollars | Qualtrics | Zap Surveys |
| Honeygain | QuestionPro | Zoho Survey |
| Hotjar | QuickTap Survey | Zonka Feedback |
| Hubspot | QuickThoughts | |
| InboxDollars | Responsly | |
| Instars | Shopkick | |
| iPoll | Shout (Previously Kwik Surveys) | |
| Ipsos i-Say | Survey Junkie | |
| i-Say | Survey Savvy | |
| JotForm | LifePoints | |

हाल प्रचलनमा रहेका अनलाइन एप तथा साइटहरूमा अनुसन्धानका तथ्याङ्कीय विषयसँग सम्बन्धित सामग्री सङ्कन गर्ने गरिएको छ । यस्ता एप तथा साइटहरू पनि एआई प्रविधि जडित भएमा समाजशास्त्रसँग सम्बन्धित विषयको सामग्री सङ्कन गर्न सकिने दिखिन्छ ।

**निष्कर्ष**

अनलाइन अनुसन्धानका क्षेत्रमा देखा परेको आधुनिक विधि हो । परम्परित अनुसन्धानभन्दा व्यापक र प्रभावकारी अनुसन्धान विधि भएकाले सामग्री सङ्कलन, वर्गीकरणमा यो विधि निक्कै प्रभावकारी देखिएको छ । अनुसन्धानमा सामग्री सङ्कलनका लागि अनलाइन फोकस ग्रुप, अनलाइन इन्टरभ्यु, एसएमएस, इमेल, च्याट जस्ता साधनको प्रयोग गरिन्छ । अनुसन्धानको क्षेत्र र विषयअनुसार अनलाइन पद्धतिबाट सामग्री तथ्य वा तथ्याङ्क सङ्कलन गर्न इन्टरनेटको प्रयोग गरिन्छ । अनलाइन अनुसन्धानमा सूचक पनि इन्टरनेट प्रयोगकर्ता नै हुन्छन् । अनलाइन अनुसन्धानमा सामग्री सङ्कलनका लागि अनलाइन फोकस समूह, प्रयोक्ता अनुसन्धान, फोकस ग्रुप अनुसन्धान, अनलाइन अन्तर्वार्ता, अनलाइन पाठ विश्लेषण, सामाजिक सञ्जाल विश्लेषण जस्ता अनुसन्धान विधिको प्रयोग गर्न सकिन्छ । अनलाइन अनुसन्धानबाट परिमाणात्मक र गुणात्मक वा प्राज्ञिक अनुसन्धान कार्य गर्न सकिन्छ । वाणिज्य, व्यवस्थापन, भाषा साहित्य, शिक्षा, प्रशासन आदि विभिन्न क्षेत्रमा अनलाइन अनुसन्धान विधिको प्रयोग गर्न सकिन्छ । अनुसन्धेय विषय प्रकृति र क्षेत्रअनुसार अनलाइन नमुना छनोट, सरल यादृच्छिक नमुना छनोट, स्तरीय अनलाइन नमुना छनोट र सम्भावनारहित  अनलाइन नमुना छनोट आदिजस्ता सामग्री चयन विधिको पनि प्रयोग गर्न सकिन्छ । हाल अनलाइन सर्वेक्षणका लागि विभिन्न प्रकारका अनलाइन सर्वेक्षण विधि पनि विकास भएको छ । त्यसैगरी अनलाइन विद्युतीय सामग्रीहरू एसएमएस, इमेल, च्याट, अन्तर्वार्ता, भिडियो च्याट आदिका माध्यमबाट पनि विभिन्न  तहको सर्वेक्षण प्रक्रिया प्रचलित रहेको छ । त्यसैगरी त्यस्ता अनलाइन सर्वेक्षण प्रक्रिया तथा

विधिको प्रयोगका लागि हाल ७६ वटाभन्दा बढी अनलाइन वेबसाइट तथा एपकोहरू निर्माण भएका छन् । ती तथा विधिमार्फत आजको प्रविधिको युगमा शोध कार्यलाई थप सहज र सरल बनाउन सकिने भएको छ ।


## कृतज्ञता ज्ञापन

यस लेखलाई व्यवस्थित र सान्दर्भिक बनाउनका लागि उपयुक्त सुझाव दिनुहुने आदरणीय विषयविज्ञप्रति कृतज्ञता ज्ञापन गर्दछु ।


## सन्दर्भ सामग्रीसूची


A Brief History of the Internet (2023). https://www.usg.edu/galileo/skills/unit07/internet07_02.phtml

Benfield, Jacob A. and Szlemko, William J. (2006). Research Design: Internet-Based Data Collection: Promises and Realities. https://files.eric.ed.gov/fulltext/EJ805689.pdf

Callegaro,Mario, Baker, Reg, Bethlehem,Jelke,Göritz, Anja S., Krosnick,Jon A. and Paul, Lavrakas J. (2014) Online panel research History, concepts, applications and a look at the future. https://www.researchgate.net/publication/288301109_

Hewson, Claire (January 2015) Research Methods on the Internet. DOI: 10.1515/9783110271355-016

HOCEVAR, KRISTIN PAGE and FLANAGIN, ANDREW J. (2017) online Research Methods, Quantitative. https://flanagin.faculty.comm.ucsb.edu/CV/HocevarandFlanagin2017(Ency).pdf

Izmeth, Ruhaim (2015). Evolution of Strengths and Weaknesses of Online Surveys. https://www.researchgate.net/publication/305348901

Khan, Farhan Hassan (2017). Evolution of Android Operating System: A Review. https://www.researchgate.net/publication/319617606

Kothari, C. R. (2004). Rese. In C. R. Kothari, Research Methodology: Methods and Techniques. New Age International Ltd, Publishers.

online research: surveys & polls . https://www.surveymonkey.com/mp/

online research methods (October, 2014) https://www.skillmaker.edu.au/अनलाइन-research-methods/

Wang, Dongping (jun 2013). Roles of the Gac-Rsm pathway in the regulation of phenazine biosynthesis in Pseudomonas chlororaphis 30-84 1002/9781118901731.iecrm0173

WEBB M., LYNNE (November 2017). online Research Methods, Qualitative